# स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षण सम्बद्ध पाठ्य विषयहरूको छनोट र स्तरण

*बुद्धराज खनिया, (पि.एच.डी.)*
*त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर*
*khaniya.br1@gmail.com*

***लेखसार***

*त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले निर्माण गरी लागु गरेको वार्षिक प्रणालीमा आधारित चार बर्से स्नातक तह र सत्र प्रणालीमा आधारित स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशमा समाविष्ट पाठ्य विषयहरूको छनोट र स्तरणका दृष्टिकोणबाट अध्ययन गर्ने उद्देश्य राखेर तयार पारिएको यो आलेख गुणात्मक अनुसन्धानको पुस्तकालयीय कार्यमा आधारित छ । यसमा उक्त तहका नेपाली शिक्षाका पाठ्यांशमध्येबाट 'नेपाली भाषा शिक्षणका पाठ्यांश' छनोट गरी सोही पाठ्यांशबाट तथ्यहरू सङ्कलन गरेर गुणात्मक अध्ययनको ढाँचाअनुसार वर्णनात्मक एवम् तालिकीकरण गरी विश्लेषण गरिएको छ । प्रस्तुत व्याख्या विश्लेषणबाट नेपाली भाषा शिक्षणका केही पाठ्य विषयहरूको छनोट र स्तरणमा शैक्षणिक आधार देखिन्छ भने केही पाठ्य विषयहरूको छनोट र स्तरणमा शैक्षणिक आधार खण्डित भएको पाइन्छ । प्राथमिकताका आधारमा स्नातकोत्तर तहका शास्त्रीय भाषाको सापेक्षतामा नेपाली शिक्षण, नेपाली शिक्षणको परम्पराजस्ता पाठ्यविषयहरू हटाएर नेपालको बहुभाषिक परिवेशअनुसार दोस्रो भाषा सिकाइ, द्विभाषिक तथा बहुभाषिक शिक्षाका पाठ्य विषयहरू सविस्तार समावेश गर्नु आवश्यक छ । त्यसैगरी पाठ्य विषयको प्रकृतिअनुसार कक्षाव्यवस्था र निराकरणात्मक शिक्षणजस्ता पाठ्य विषयका एकाइलाई पुनर्सङ्गठित गर्नुपर्ने हुन्छ । साथै शैक्षणिक दृष्टिले दुबै तहका पाठ्यांशमा अन्तिम एकाइमा राखिएका 'अध्यापन योजना'लाई प्रारम्भिक एकाइमा स्तरण गर्नु अझ उपयुक्त हुन्छ ।*

**शब्दकुञ्जी** : छनोट, पाठ्य विषय, शैक्षणिक आधार, सङ्गठन, स्तरण

## पृष्ठभूमि

संस्थागत रूपमा हुने औपचारिक शिक्षण सिकाइका लागि सर्वप्रथम पाठ्यक्रम निर्माण गरिन्छ, त्यसपछि सोही पाठ्यक्रमले निर्देश गरेबमोजिम त्यसको कार्यान्वयन वा शिक्षण प्रक्रिया अवलम्बन गरिन्छ । मुलुकको शिक्षानीति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता एवम् समाज तथा शिक्षार्थीको आवश्यकताका आधारमा तहगत, कक्षागत, विषयगत पाठ्यक्रमहरू निर्माण गरिन्छन् । समय क्रममा पाठ्यक्रमलाई हेर्ने र निर्माण गर्ने कुरामा पनि परिवर्तन आएको देखिन्छ । प्रिमरोज र अलेक्जेन्डर (सन् २०१३) ले पाठ्यक्रम विकास परिवर्तनशील चर हो भनेका छन् भने डुजिनिना, बेल्कोभा, डोन्चेन्को, लिउ र मोरोजोभा (सन् २०१८) ले पाठ्यक्रम योजनालाई गतिशील र उच्चस्तरीय प्रक्रियाका रूपमा लिएका छन् । रिचर्ड्स (सन् २००१) ले पाठ्यक्रम योजनाले के र कुन क्रममा शिक्षण गर्ने कुराको व्याख्या गर्ने बताएका छन् भने टिच (सन् २००८) ले सिक्ने सिकाउने कुराको योजना, त्यसको कार्यान्वयन र मूल्याङ्कनलाई समेत पाठ्यक्रम भनेका छन् । ओ'निल (सन् २०१५) ले पाठ्यक्रममा सामाजिक, भौतिक, आर्थिक, सांस्कृतिक वातावरणले उच्च प्रभाव पार्ने कुरा गरेका छन् । पाठ्यक्रमका सन्दर्भमा श्रेष्ठ र रंजितकार (२०७५) ले विषयवस्तु, उद्देश्य, अनुभव र शैक्षणिक योजनाका रूपमा फरकफरक हुने पाठ्यक्रमको व्याख्या गरेका छन् । दार्शनिक आधारमा पनि पाठ्यक्रम फरक हुने भन्दै भट्टराई र जिसी (२०७५) ले व्यवहारवादी दार्शनिकहरूले पाठ्यक्रमलाई व्यवस्थित दस्तावेजका रूपमा लिएको र संज्ञानवादीहरूले पूर्व निर्धारित कुनै पनि संरचनागत पाठ्यक्रमलाई अस्वीकार गरी समयसापेक्ष परिस्थिति अनुरूप तयार गरिने पाठ्यक्रमका रूपमा लिएको कुरा बताएका छन् । म्याकफेयल (सन् २०२१) ले चाहिँ पाठ्यक्रम विकासको प्रक्रियामा छनोट गरिएको विषयको मुख्य अवधारणा, पाठ्यविषयको निर्धारण र तिनको छनोट गरिएका मुख्य अवधारणा बिचको तुलना, अवधारणा र पाठ्यविषयलाई जोड्ने तत्त्व र ज्ञानको मूल्याङ्कन गरी चारओटा तत्त्वको चर्चा गरेका छन् ।

नेपालको पाठ्यक्रमका सन्दर्भमा निउरे (२०७४) ले नेपालमा पाठ्यक्रम विकासका सिद्धान्तहरू भनेर बृहत् एवम् सन्तुलित शिक्षाको अवधारणाअनुरूप पाठ्यक्रम विकास, सिकाइका प्रमुख क्षेत्रहरूको सङ्गठन, एकीकृत पद्धतिका आधारमा पाठ्यक्रम विकास, बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम विकास, आधारभूत शिक्षाको माध्यम, समावेशी शिक्षानीतिअनुरूप पाठ्यक्रम निर्माण, स्थानीय आवश्यकतामा आधारित

पाठ्यक्रम निर्माण, पूर्वीय ज्ञानका आधार स्तम्भका रूपमा संस्कृत शिक्षा, सूचना तथा सञ्चार प्रविधि, पाठ्यक्रममा जीवनोपयोगी सिपको स्थान, कार्यप्रति अभिमुख पाठ्यक्रम, विद्यार्थी मूल्याङ्कनलाई उच्च स्थान, सहभागितामूलक पाठ्यक्रम विकास प्रक्रिया, वैकल्पिक शिक्षानीति, नेपाली मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकास, अनुसन्धानमा आधारित पाठ्यक्रम विकास, शिक्षण सिकाइ कार्यकलाप र विद्यालय शिक्षा र गुणस्तर मानक गरी जम्मा अठार शीर्षकमा पाठ्यक्रमको व्याख्या गरेका छन् (पृपृ. २८२-२८७) ।

भाषा पाठ्यक्रमका सन्दर्भमा नेसन र म्याकालिस्टर (सन् २०१०) ले भाषा पाठ्यांशमा पाठ्यांशको लक्ष्य पूरा गर्ने भाषिक आइटम, विचार, सिप र रणनीतिहरू समावेश गरिने बताएका छन् । फोगर्टी (सन् २०१६) ले चाहिँ अङ्ग्रेजी भाषा कला (ELA) मा प्रतिभाशाली विद्यार्थीको आवश्यकता अझ राम्रोसँग पूरा गर्न पाठ्यक्रम परिमार्जन गर्नुपर्ने सुझाव दिएका छन् । उनका अनुसार प्रतिभाशाली विद्यार्थीका लागि पृथक् पाठ्यक्रम उपलब्ध गराउनाको महत्त्व भनेको उनीहरूलाई भाषा कलाका सिद्धान्तसँग जोड्नु हो । नेपाली भाषा पाठ्यक्रमका सन्दर्भमा पाठ्यक्रमको सैद्धान्तिक चर्चा गर्दै पौडेल (२०६७) ले पाठ्यक्रमका अङ्गका आधारमा २०२८ साल पूर्वको, २०२८ सालको, २०३८ सालको, २०५५ सालको र २०६४ सालको पाठ्यक्रमको मूल्याङ्कन गरेका छन् भने अधिकारी (२०६७) ले नेपाली पाठ्यक्रमको विकासको विवेचना गरेका छन् ।

समयको परिवर्तनसँगै पाठ्यक्रमका नयाँ धारणा, मान्यता, सिद्धान्त एवम् नमुना विकसित भएका छन् । गतिशील पाठ्यक्रमले स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उपलब्धिलाई आत्मसात् गर्नुपर्छ । पाठ्यक्रम परिमार्जन गर्ने वा नयाँ निर्माण गर्ने प्रक्रिया निरन्तर चलिरहन्छ । समग्रमा पाठ्यक्रम शिक्षण सिकाइको समष्टि योजना हो, जुन समयक्रममा परिवर्तन भइरहन्छ ।

त्रिभुवन विश्वविद्यालय त्रिवि, शिक्षाशास्त्र सङ्कायले स्नातक तहदेखि विभिन्न विषयका पाठ्यक्रम-पाठ्यांश निर्माण गरी सोहीबमोजिम कक्षासञ्चालन गर्दै आएको छ । यसअनुसार त्रिविले अन्य विषयजस्तै नेपाली शिक्षा विषयका पाठ्यक्रम-पाठ्यांश निर्माण, परिमार्जन एवम् संशोधन गरी लागु गर्दै आएको छ । विद्यमान चार बर्से बिएडको पाठ्यांशको संरचनाअनुसार नेपाली शिक्षा विशिष्टीकरणका पाठ्यांशहरूलाई तालिका एकमा यसप्रकार देखाइएको छ ।

तालिका १

स्नातक तहका नेपाली शिक्षाका पाठ्यांशहरू

| वर्ष | पाठ्यांश (मेजर) | पाठ्यांश (माइनर) |
|---|---|---|
| पहिलो | नेपाली कथा र उपन्यास (नेपाशि ४१६) | नेपाली कथा र उपन्यास (नेपाशि ४१८) |
| | नेपाली नाटक, एकाङ्की र निबन्ध (नेपाशि ४१७) | |
| दोस्रो | भाषाविज्ञान र नेपाली भाषा (नेपाशि ४२२) | भाषाविज्ञान र नेपाली भाषा (नेपाशि ४२८) |
| | नेपाली कविता काव्य (नेपाशि ४२३) | नेपाली कविता काव्य (नेपाशि ४२९) |
| | नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति (नेपाशि ४२४) | |
| तेस्रो | नेपाली भाषा शिक्षण (नेपाशि ४३२) | नेपाली भाषा शिक्षण (नेपाशि ४३९) |
| | साहित्यशास्त्र र नेपाली समालोचना (नेपाशि ४३४) | |
| | प्रायोगिक भाषाविज्ञान (नेपाशि ४३३) | |
| चौथो | अनुसन्धान विधि (नेपाशि ४४५) | व्यावहारिक लेखन तथा सम्पादन (नेपाशि ४४९) |
| | व्यावहारिक लेखन तथा सम्पादन (नेपाशि ४४६) | |

*स्रोत : त्रिवि, शिक्षाशास्त्र सङ्काय, डिन कार्यालय*

तालिका एकमा दिइएका तथ्यअनुसार स्नातक तहमा नेपाली शिक्षाका पाठ्यांश मेजर र माइनर गरी दुई किसिमले तयार गरिएका पाइन्छन् । नेपाली शिक्षामा मेजरतर्फ दशओटा पाठ्यांश र माइनरतर्फ पाँचओटा पाठ्यांशको व्यवस्था गरिएको छ । यस लेखमा उल्लिखित पाठ्यांशमध्ये तेस्रो वर्षमा अध्ययन अध्यापन गरिने 'नेपाली भाषा शिक्षण' लाई मात्र अध्ययनको विषय बनाइएको छ ।

विद्यमान सत्रप्रणालीको संरचनाअनुसार निर्मित एमएड तहका नेपाली शिक्षाका विशिष्टीकृत पाठ्यांशहरूलाई तालिका दुईमा यसप्रकार देखाइएको छ ।

तालिका २

स्नातकोत्तर तहको नेपाली शिक्षाका पाठ्यांश

| सेमेस्टर | पाठ्यांश | प्रकृति |
|---|---|---|
| पहिलो | भाषाविज्ञान (नेपाशि ५१५) | सैद्धान्तिक |
| | नेपाली आख्यान र नाटक (नेपाशि ५१६) | सैद्धान्तिक |
| | पूर्वीय र पाश्चात्य समालोचना (नेपाशि ५१७) | सैद्धान्तिक |
| | प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र (नेपाशि ५१८) | सैद्धान्तिक |
| दोस्रो | भाषिक परीक्षण (नेपाशि ५२४) | सैद्धान्तिक |
| | नेपाली कविता र काव्य (नेपाशि ५२५) | सैद्धान्तिक |
| | आधुनिक नेपाली निबन्ध र समालोचना (नेपाशि ५२६) | सैद्धान्तिक |
| | सामाजिक र मनोभाषाविज्ञान (नेपाशि ५२९) | सैद्धान्तिक |
| तेस्रो | नेपाली भाषा शिक्षण (नेपाशि ५३५) | सैद्धान्तिक |
| | भाषिक अनुसन्धान विधि (नेपाशि ५३७) | सैद्धान्तिक |
| | भाषाविज्ञानका प्रमुख सिद्धान्त (नेपाशि ५३८) | सैद्धान्तिक |
| | भाषिक विधा शिक्षण (नेपाशि ५३९) | सैद्धान्तिक |
| चौथो | भाषिक सम्पादन कला (नेपाशि ५४५) | सैद्धान्तिक, प्रायोगिक तीनमध्ये कुनै एक |
| | ऐतिहासिक भाषाविज्ञान (नेपाशि ५४६) | |
| | कोशविज्ञान (नेपाशि ५४७) | |
| | शिक्षण अभ्यास | प्रायोगिक |
| | प्राज्ञिक लेखन तथा शोधपत्र | प्रायोगिक |

स्रोत : त्रिवि, शिक्षाशास्त्र सङ्काय, डिन कार्यालय

तालिका दुईअनुसार स्नातकोत्तर तहमा नेपाली शिक्षा विशिष्टीकरणतर्फ राखिएका पन्ध्र ओटा पाठ्यांशमध्ये यस लेखमा तेस्रो सेमेस्टरमा शिक्षण सिकाइ गरिने 'नेपाली भाषा शिक्षण' लाई मात्र अध्ययनका रूपमा छनोट गरिएको छ ।

भाषा पाठ्यक्रम निर्माणमा पौडेल (२०६७) ले पाठ्यवस्तु छनोट र स्तरणको चर्चा गरेका छन् । उनले छनोटका बाह्य प्रभावक : प्रयोजन वा उद्देश्य, विद्यार्थीको तह वा स्तर, समयावधि, अन्य (पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति, सिकारुको पूर्व क्षमता) र आन्तरिक प्रभावक : भाषिका, प्रयोजनपरक भेद, शैली, माध्यम र भाषातत्त्वको व्याख्या गरेका छन् । यस क्रममा उनले भाषातत्त्व छनोटका आवृत्ति, विस्तरण, प्राप्यता र व्यापनजस्ता आधार पनि बताएका छन् । उनले यसरी छनोट गरिएका पाठ्य विषयलाई

निर्धारित तह वा कक्षाका निम्ति शिक्षणयोग्य बनाउनु सङ्गठित गर्नु वा स्तरीकृत गर्नुलाई स्तरण भनेका छन् । छनोट तथा स्तरणका सन्दर्भमा अधिकारी (२०६७) थप्छन् -

> स्तरणले केकति सिकाउने मात्र होइन, कुन शृङ्खलामा र कुन पूर्वापर सम्बन्धमा सिकाउने भन्ने कुराको सङ्केत गर्दछ । छनोट भएका सबै कुरा एकैचोटि सिकाउने होइनन्, यिनको शिक्षण गर्ने पनि खास अनुक्रम हुन्छ । स्तरण भनेको छनोट गरिएका पाठ्यवस्तुहरूलाई मनोवैज्ञानिक तथा शैक्षणिक आधारमा क्रमिक रूपमा उकास्तै लैजानु वा उन्नयन गर्नु हो । यसका तुलनामा छनोटले खास तहका लागि आवश्यक पाठ्यवस्तु केकति हुन्, तिनको सीमाङ्कन गर्ने अथवा उक्त पाठ्यवस्तुहरूको सूची तयार गर्ने काम गर्छ (पृ.१०३) ।

विद्यालय तहको भाषा पाठ्यक्रममा आन्तरिक तथा बाह्य प्रभावका आधारमा विद्यार्थीको तह र स्तरअनुसार पाठ्य विषयहरू छनोट गरेर ती पाठ्य विषयलाई शैक्षणिक आधारमा क्रमबद्ध गरिएको हुन्छ । विश्वविद्यालयका लागि बनाइएका स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशहरू कस्ता छन्, पाठ्यांशमा समाविष्ट पाठ्य विषयहरूको छनोट केकस्तो छ, छनोट गरिएका पाठ्य विषयलाई कसरी स्तरण गरिएको छ भन्ने सम्बन्धमा आजसम्म कुनै अध्ययन अनुसन्धान भएको पाइँदैन । तसर्थ यही विषयलाई समस्या बनाई यो आलेख तयार गरिएको हो । उक्त समस्याको प्राज्ञिक निरूपणका लागि निम्नलिखित उद्देश्य निर्धारण गरिएका छन् :

१. छनोटका आधारमा स्नातक तथा स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूको विश्लेषण गर्नु र

२. स्तरणका आधारमा उक्त तहका नेपाली भाषा शिक्षणका पाठ्यांशमा समाविष्ट पाठ्य विषयहरूको तुलनात्मक लेखाजोखा गर्नु ।

यो लेख स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशमा समावेश गरिएका पाठ्य विषयहरूमा मात्र सीमित छ । त्रिभुवन विश्वविद्यालय र त्यसका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस एवम् विभागहरूमा पठनपाठन हुँदै आएको स्नातक तथा स्नातकोत्तर तहको नेपाली भाषा शिक्षणका पाठ्यांशमा केन्द्रित यो आलेख शैक्षणिक दृष्टिले पनि उपयुक्त र समसामयिक देखिन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानको ढाँचाअनुसार पुस्तकालयीय कार्यबाट तयार गरिएको हो । यसमा त्रिवि, शिक्षाशास्त्र सङ्कायले तयार गरी लागु गरेको वार्षिक प्रणालीअनुसार चार बर्से स्नातक तहमा तथा सेमेस्टर प्रणालीअनुसार स्नातकोत्तर तहमा अध्ययन अध्यापन गरिने नेपाली शिक्षाका पाठ्यांशमध्येबाट 'भाषा शिक्षणका पाठ्यांश' छनोट गरी अध्ययन गरिएको छ । उक्त तहका भाषा शिक्षणका पाठ्यांशलाई अध्ययनको मूल सामग्री मानी सोही पाठ्यांशबाट तथ्यहरू सङ्कलन गरिएको छ । निर्धारित पाठ्यांशबाट सङ्कलन गरिएका पाठ्य विषयहरूलाई सर्वप्रथम छनोटका आधारमा वर्णनात्मक तरिकाले विश्लेषण गरिएको छ भने त्यसपछि उक्त तथ्यलाई तालिकीकरण गरी स्तरणका आधारमा तुलनात्मक लेखाजोखा गरिएको छ ।

## नतिजा तथा छलफल

प्रस्तुत लेखमा स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूलाई पहिले छनोटका आधारमा वर्णन विश्लेषण गरिएको छ । त्यसपछि छनोट गरिएका पाठ्य विषयहरूलाई स्तरणका आधारमा तालिकीकरण गरी तुलनात्मक विश्लेषण गरिएको छ ।

### स्नातक तहको नेपाली भाषा शिक्षणका पाठ्य विषय

यहाँ स्नातक तहको नेपाली भाषा शिक्षणको पाठ्यांशमा समाविष्ट पाठ्य विषयहरूलाई तालिका तीनमा देखाई त्यसपछि तिनको विश्लेषण गरिएको छ ।

तालिका ३

स्नातक तहको नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूको छनोट

| एकाइ | पाठ्य विषय |
|---|---|
| १. नेपाली भाषा शिक्षणसम्बन्धी परिचय (७) | १.१ भाषा शिक्षणको सामान्य परिचय, १.२ भाषा शिक्षणका सामान्य सिद्धान्तहरू, १.३ नेपाली भाषा शिक्षणको आवश्यकता, १.४ नेपाली भाषा शिक्षणका समस्या र समाधानका उपाय |
| २. विविध सन्दर्भमा नेपाली भाषा शिक्षण (१०) | २.१ पहिलो भाषा /मातृभाषा सिकाइको स्वरूप, २.२ दोस्रो भाषा सिकाइको स्वरूप २.३ पहिलो भाषा र दोस्रो भाषा सिकाइमा भिन्नता, २.४ विषय र माध्यमका रूपमा पहिलो भाषाको उपयोग २.५ पहिलो भाषाका रूपमा नेपाली शिक्षण, २.६ दोस्रो भाषाका रूपमा नेपाली शिक्षण २.६ द्विभाषिक तथा बहुभाषिक परिवेशमा नेपाली शिक्षण २.८ सरकारी कामकाजको भाषाका रूपमा नेपाली शिक्षण |

| | |
|---|---|
| ३. भाषिक विधा शिक्षणको प्रयोजन र प्रक्रिया (१२) | ३.१ विद्यालय तहमा विधा शिक्षणको आवश्यकता ३.२ माध्यमिक तहको भाषा पाठ्यक्रममा समाविष्ट विधाहरू ३.२.१ कथा, ३.२.२ कविता, ३.२.३ निबन्ध/प्रबन्ध, ३.२.४ रूपक : (क) संवाद (ख) विवाद, (ग) मनोवाद (घ) एकाङ्की (ङ) वक्तृता ३.२.५ जीवनी, ३.२.६ चिठी, ३.२.७ दैनिकी, ३.२.८ भाषातत्त्व : (क) वर्णविन्यास (ख) लेख्यचिन्ह (ग) व्याकरण (घ) शब्दभण्डार ३.३ माध्यमिक तहमा विधा शिक्षणको प्रयोजन र प्रक्रिया |
| ४. सुनाइ शिक्षण (७) | ४.१ माध्यमिक तहमा सुनाइ शिक्षणको आवश्यकता ४.२ सुनाइका प्रकार ४.३ सुनाइ शिक्षणका कार्यकलाप ४.४ सुनाइ तथा श्रुतिबोधसम्बन्धी कमजोरीका कारण र निराकरणका उपाय |
| ५. बोलाइ शिक्षण (८) | ५.१ माध्यमिक तहमा बोलाइ शिक्षणको महत्त्व ५.२ बोलाइ शिक्षणका कार्यकलाप ५.३ बोलाइमा कमजोर हुनाका कारण र तिनको निराकरण गर्ने उपाय ५.४ सुनाइ र बोलाइको सम्बन्ध |
| ६. उच्चारण शिक्षण (६) | ६.१ माध्यमिक तहमा उच्चारण शिक्षणको आवश्यकता ६.२ उच्चारण र वर्णविन्यासको सम्बन्ध ६.३ उच्चारणमा पाइने प्रमुख त्रुटिक्षेत्र ६.४ उच्चारण शिक्षणका कार्यकलाप ६.५ उच्चारणसम्बन्धी कमजोरीका कारण र निराकरणका उपाय |
| ७. वाचन, पठन बोध र द्रुतपाठ शिक्षण (१२) | ७.१ वाचनकला शिक्षण ७.१.१ माध्यमिक तहमा वाचनकला शिक्षणको प्रयोजन ७.१.२ वाचनकला शिक्षणका कार्यकलाप ७.२ पठनबोध शिक्षण ७.२.१ माध्यमिक तहमा पठनबोध शिक्षणको आवश्यकता ७.२.२ पठनबोध शिक्षणका कार्यकलाप ७.२.३ पठनबोध शिक्षणक्रम ७.३ द्रुतपाठ ७.३.१ माध्यमिकमा द्रुतपाठ शिक्षणको प्रयोजन ७.३.२ द्रुतपाठ अभ्यासका लागि सामग्रीको छनोट ७.३.३ द्रुतपाठका कार्यकलाप |
| ८. शब्दार्थ शिक्षण (५) | ८.१ माध्यमिक तहमा शब्दार्थ शिक्षणको महत्त्व ८.२ शब्दार्थ शिक्षणका तरिकाहरू ८.३ शब्द र अर्थगत सम्बन्धहरू ८.४ शब्दार्थ शिक्षणका लागि शब्दकोशको उपयोग |
| ९. लेखाइ शिक्षण (१०) | ९.१ माध्यमिक तहमा लेखाइ शिक्षणको आवश्यकता ९.२ बोलाइ र लेखाइ सिपको सम्बन्ध ९.३ यान्त्रिक, निर्देशित, स्वतन्त्र र व्यावहारिक तथा सृजनात्मक लेखन ९.४ लेखाइ शिक्षण कार्यकलाप ९.५ लेखाइमा पाइने कमजोरी र निराकरणका उपाय ९.६ लिखित अभिव्यक्तिको शुद्धीकरण |
| १०.वर्णविन्यास र वाक्यगठन शिक्षण (८) | १०.१ वर्णविन्यास शिक्षण १०.१.१ माध्यमिक तहमा वर्णविन्यास शिक्षणको आवश्यकता १०.१.२ वर्णविन्याससम्बन्धी त्रुटिका प्रमुख क्षेत्र १०.१.३ वर्णविन्यास शिक्षणका कार्यकलाप १०.२ वाक्यरचना शिक्षण १०.२.१ माध्यमिक तहमा वाक्यरचना शिक्षणको प्रयोजन १०.२.२ वाक्यरचना गर्दा त्रुटि हुने प्रमुख क्षेत्र १०.२.३ वाक्यरचना शिक्षणका तरिका |
| ११. व्याकरण शिक्षण (१०) | ११.१ माध्यमिक तहमा व्याकरण शिक्षणको आवश्यकता ११.२ नेपाली व्याकरण शिक्षणका समस्या समाधानका उपाय ११.३ व्याकरण शिक्षणका निम्नलिखित विधिको परिचय तथा उपयोगिता ११.३.१ निगमन विधि ११.३.२ आगमन विधि ११.३.३ प्रत्यक्ष विधि ११.३.४भाषा पाठ्यपुस्तक विधि ११.४ कार्यमूलक व्याकरणको परिचय ११.५ कार्यमूलक व्याकरणका विशेषता ११.६ कार्यमूलक व्याकरण शिक्षणका प्रमुख कार्यकलाप |
| १२. शिक्षण सामग्री (८) | १२.१ आधार सामग्री र सहायक सामग्री १२.२ नेपाली भाषा शिक्षणमा सहायक सामग्रीको आवश्यकता १२.३ नेपाली भाषा शिक्षणमा प्रयोग हुन सक्ने सहायक सामग्रीहरूको परिचय तथा वर्गीकरण १२.४ उक्त सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोगविधि १२.५ नेपाली भाषा शिक्षणमा नवीन सूचना प्रविधिको उपयोग |

| | |
|---|---|
| १३. भाषिक मूल्याङ्कन (१३) | १३.१ भाषिक मूल्याङ्कनका सिद्धान्त १३.२ भाषिक मूल्याङ्कनका साधन १३.३ विशिष्टीकरण तालिकाको परिचय, ढाँचा र निर्माण १३.४ विशिष्टीकरण तालिकाका आधारमा विभिन्न खालका प्रश्ननिर्माणको अभ्यास १३.५ उत्तरपत्र अङ्कन मापनका विभिन्न विधि प्रविधिहरू १३.६ नेपाली भाषाशिक्षणमा निरन्तर मूल्याङ्कनको आवश्यकता १३.७ निरन्तर मूल्याङ्कनका साधन १३.८ भाषिक मूल्याङ्कनमा अक्षराङ्कन प्रणालीको प्रयोग |
| १४. अध्यापन योजना (१०) | १४.१ भाषा शिक्षणमा अध्यापन योजनाको आवश्यकता १४.२ निम्नलिखित शैक्षणिक योजनाको परिचय ढाँचा र निर्माण अभ्यास : १४.२.१ वार्षिक योजना १४.२.२ कार्ययोजना १४.२.३ एकाइ योजना १४.२.४ पाठयोजना १४.३ विभिन्न विधामा लघु पाठयोजना निर्माण गरी लघुशिक्षण गर्ने अभ्यास |
| १५. नेपाली भाषा शिक्षणका सामयिक सन्दर्भ (१४) | १५.१ भाषिक विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण १५.२ बालमैत्री शिक्षा र नेपाली भाषा शिक्षण १५.३ समावेशी शिक्षा र नेपाली भाषा शिक्षण १५.४ खुला तथा दूर शिक्षा र नेपाली भाषा शिक्षण १५.५ अनौपचारिक शिक्षा र नेपाली भाषा शिक्षण १५.६ उपचारात्मक/निराकरणात्मक शिक्षा र नेपाली भाषा शिक्षण १५.७ एकीकृत सिकाइको अवधारणा र नेपाली भाषा शिक्षण १५.८ बहुकक्षा, बहुस्तर विधिको अवधारणा र नेपाली भाषा शिक्षण १५.९ शिक्षक विद्यार्थी सक्षमताको अवधारणा र नेपाली भाषा शिक्षण १५.१० प्रारम्भिक कक्षा शिक्षा र नेपाली भाषा शिक्षण १५.११ आधारभूत कक्षा र नेपाली भाषा शिक्षण १५.१२ नेपाली भाषा शिक्षणका सन्दर्भमा बालभाषा सिकाइ र प्रौढ भाषा सिकाइमा अन्तर १५.१३ नेपाली भाषा शिक्षणका दृष्टिले कक्षाकोठा व्यवस्थापन १५.१३.१ कक्षाकोठा व्यवस्थापनको अवधारणा १५.१३.२ भौतिक व्यवस्थापन र कक्षा सजावट १५.१३.३ प्राज्ञिक र मनोवैज्ञानिक व्यवस्थापन १५.१३.४ पुस्तकालय व्यवस्थापन १५.१३.५ भाषिक पछौटे समूहको व्यवस्थापन १५.१३.६ कक्षा सजावट व्यवस्थापन १५.१३.७ कक्षा व्यवस्थापनमा विद्यार्थी परिचालन |

तालिका तीनमा देखाइएबमोजिम स्नातक तहको नेपाली भाषा शिक्षणको पाठ्यांशलाई जम्मा पन्ध्र एकाइमा सङ्गठन गरिएको छ । यसमा पहिलो एकाइमा नेपाली भाषा शिक्षणको परिचय, दोस्रो एकाइमा विविध सन्दर्भअन्तर्गत पहिलो भाषा सिकाइ, दोस्रो भाषाको सिकाइ, द्विभाषिक तथा बहुभाषिक परिवेशमा नेपाली शिक्षण, सरकारी कामकाजको भाषाका रूपमा नेपाली शिक्षण, तेस्रो एकाइमा भाषिक विधा शिक्षणमा कथा, कविता, निबन्ध, रूपक, जीवनी, चिठी, दैनिकी, भाषातत्त्व, त्यसपछि क्रमश: सुनाइ, बोलाइ, उच्चारण, वाचन-पठन बोध-द्रुतपाठ, शब्दार्थ, लेखाइ, वर्णविन्यास, वाक्यगठन, व्याकरण शिक्षण, शिक्षण सामग्री, भाषिक मूल्याङ्कन, अध्यापन योजनाका एकाइपछि अन्त्यमा नेपाली भाषा शिक्षणका सामयिक सन्दर्भअन्तर्गत विभिन्न पाठ्य विषयहरू समावेश गरिएको छ ।

वार्षिक प्रणालीमा आधारित स्नातक तहको नेपाली भाषा शिक्षणको पाठ्यांशमा राखिएका उक्त पाठ्य विषयहरू सामान्यत: पर्याप्त र सान्दर्भिक देखिन्छन् । केही पाठ्य विषय थप्न सकिने र केही एकाइलाई पुनर्सङ्गठन गर्नुपर्ने देखिन्छ । पाठ्यघन्टा १५० निर्धारण गरिएको सो पाठ्यांशमा मोटामोटी १२३ ओटा पाठ्य विषयहरू रहेका छन् । तोकिएको

समयमा निर्धारित पाठ्य विषयहरूको शिक्षार्थीपरक कार्यकलाप गर्न भने कठिन देखिन्छ । निर्धारित पाठ्य विषयहरू विद्यार्थीलाई पर्याप्त अभ्यास गराउन सकिने समय उपलब्ध छैन । सामान्यतः एकाइ तिन, चार, पाँच, छ, आठ, नौ, दश, एघार, तेर एकाइहरू उपयुक्त देखिन्छन् । एकाइ बारको 'शिक्षण सामग्री' मा 'नेपाली भाषा शिक्षणका नवीन सूचना प्रविधिको उपयोग' भनिएको छ । यो पाठ्य विषय स्पष्ट देखिँदैन । केकस्ता नवीन सूचना प्रविधिलाई कति चौडाइ र गहिराइमा शिक्षण गर्ने भन्ने कुनै सीमाङ्कन छैन । यसमा तोकिएको पाठ्यघन्टाका आधारमा शिक्षकले शिक्षण गर्नुपर्ने देखिन्छ । त्यस्तै एकाइ चौधको अध्यापन योजनामा वार्षिक कार्यतालिका (कार्यपात्रो) छुटेको देखिन्छ । त्यस्तै सोही एकाइमा लघु शिक्षणको अभ्यास छ तर सहपाठी शिक्षणको विषय प्रवेश नै छैन ।

यस पाठ्यांशको एकाइ दुई र पन्ध्रको शीर्षकमा सुधार गर्नुपर्ने देखिन्छ । एकाइ दुईमा 'विविध सन्दर्भमा नेपाली भाषा शिक्षण' उल्लेख गरिएको छ । यसअन्तर्गत पहिलो र दोस्रो भाषा सिकाइका पाठ्य विषयहरू राखिएका छन् । यस एकाइमा सोहीअनुसार शीर्षक दिनुपर्ने देखिन्छ । एकाइ पन्ध्रमा 'नेपाली भाषा शिक्षणका सामयिक सन्दर्भ' भनिएको छ । अन्य पाठ्यांशहरू पनि सामयिक सन्दर्भभित्र पर्ने भएकाले यस एकाइको शीर्षक अस्पष्ट देखिन्छ । यस एकाइमा राखिएका पाठ्य विषयहरू अन्य एकाइमा समावेश गर्न सकिने खालका छन् । जस्तै : 'एकीकृत सिकाइको अवधारणा'लाई एकाइ एकमा राख्न सकिन्छ । त्यस्तै 'प्राथमिक कक्षा शिक्षा', 'आधारभूत कक्षा शिक्षा' लाई सम्बन्धित सिपसँग जोडेर शिक्षण गर्न सकिन्छ । सोही एकाइमा 'कक्षाकोठा व्यवस्थापन' अन्तर्गत चारओटा पाठ्यांश राखिएका छन् । यी पाठ्य विषयलाई छुट्टै एकाइमा पनि व्यवस्थापन गर्न सकिन्छ । त्यसैगरी स्तरणका दृष्टिले उक्त पाठ्यांशमा 'अध्यापन योजना'लाई दोस्रो अन्तिम एकाइमा प्रस्तुत गरिएको छ । शैक्षणिक दृष्टिले पाठ योजनालाई प्रत्येक एकाइसँग जोडेर अभ्यास गराउनु पर्ने भएकाले यसलाई प्रारम्भिक एकाइमा प्रस्तुत गर्नु राम्रो हुन्छ । यस आधारमा स्नातक तहको नेपाली शिक्षाका पाठ्य विषयहरू शैक्षणिक आधारमा छनोट र स्तरण गर्नुपर्ने देखिन्छ ।

## स्नातकोत्तर तहको नेपाली भाषा शिक्षणका पाठ्य विषय

स्नातकोत्तर तहको नेपाली भाषा शिक्षणको पाठ्यांशमा समाविष्ट पाठ्य विषयहरूलाई तालिका चारमा प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ ।

## तालिका ४

## स्नातकोत्तर तहको नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूको छनोट

| *एकाइ* | *पाठ्य विषय* |
|---|---|
| १ : भाषा शिक्षणका सिद्धान्त र नेपाली शिक्षणका विविध स्वरूप (७) | १.१ भाषा शिक्षणको परिचय १.२ भाषा शिक्षणका आधारभूत सिद्धान्त १.३ शास्त्रीय भाषा, स्थानीय/राष्ट्रभाषा र विदेशी भाषाका सापेक्षतामा नेपाली शिक्षण १.४ पहिलो, दोस्रो र विदेशी भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता र स्वरूप १.५ नेपाली शिक्षण परम्परा र वर्तमान स्थिति : वि.सं. २०२८ अघि र पछिका विविध गतिविधि एवम् प्रयासहरू, नेपाली शिक्षणको वर्तमान अवस्था |
| २ : विविध भाषाकला सिप शिक्षण प्रविधि (१९) | २.१ श्रवण कला शिक्षण : परिचय, प्रयोजन, प्रकार र शिक्षण कार्यकलाप २.२ वक्तृत्व कला शिक्षण : परिचय, प्रयोजन र शिक्षण कार्यकलाप २.३ पठन कला शिक्षण : परिचय, सस्वर पठन र मौन पठन २.३.१ वाचन कला शिक्षण : वाचन कलाका आवश्यक तत्त्व, वाचनका सीमा, दोष र कमजोरीहरू, वाचनका कमजोरी सुधारका उपायहरू २.३.२ मौन पठन कला शिक्षण : प्रकृति, पाठकमा हुनुपर्ने गुण, फाइदा, शिक्षण कार्यकलाप २.३.३ पठनबोध शिक्षण : प्रयोजन, मौन पठनको उपयोग, सामग्री छनोट, शिक्षण कार्यकलाप, शिक्षण क्रम, बोध प्रश्नका विशेषता २.३.४ द्रुत पठन कला शिक्षण : परिचय, सामग्री छनोट र कार्यकलाप २.४ उच्चारण शिक्षण : परिचय, तरिका र शिक्षण क्रम २.५ लेखन कला शिक्षण : परिचय र प्रकार, शिक्षण प्रयोजन, कार्यकलाप : यान्त्रिक, निर्देशित तथा स्वतन्त्र वा सिर्जनात्मक, लेखनकला विकासका प्रारम्भिक कार्यकलाप, लेखनकला विकासका उत्त्वरवर्ती कार्यकलाप २.६ वर्णविन्यास शिक्षण : परिचय, प्रयोजन, प्रमुख त्रुटिक्षेत्र र कार्यकलाप, २.७ नेपाली शिक्षणका सहकार्यकलाप : हिज्जे प्रतियोगिता, वादविवाद प्रतियोगिता, अभिनयात्मक कार्यकलाप, साहित्यिक प्रतियोगिता, विद्यालय पत्रिका प्रकाशन, साहित्यिक गोष्ठी तथा समारोह |
| ३ : शब्दार्थ, शब्दभण्डार, वाक्यरचना तथा व्याकरण शिक्षण (८) | ३.१ शब्दार्थ तथा शब्दभण्डार शिक्षण : आवश्यकता/प्रयोजन, शब्दार्थ शिक्षणका विधिहरू, शब्दभण्डार विकासका उपायहरू ३.२ उखान टुक्का शिक्षण : महत्त्व र प्रयोजन, प्रमुख कार्यकलापहरू ३.३ वाक्यरचना शिक्षण : परिचय र प्रयोजन, प्रमुख कार्यकलापहरू ३.४ व्याकरण शिक्षण ३.४.१ आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च शिक्षामा व्याकरण शिक्षणको औचित्य ३.४.२ नेपाली व्याकरण शिक्षणका समस्या र समाधानका उपाय ३.४.३ व्याकरण शिक्षणका प्रचलित विधि र तिनका उपयोगिता : निगमन विधि, आगमन विधि, भाषा संसर्ग वा प्रत्यक्ष भाषा विधि, भाषा पाठचपुस्तक विधि, कार्यमूलक विधि |

| | |
|---|---|
| ४ : कक्षा व्यवस्था र निराकरणात्मक शिक्षण (४) | ४.१ नेपाली शिक्षण र कक्षा व्यवस्था : ४.१.१ भाषा शिक्षणमा कक्षा व्यवस्थाको महत्त्व, ४.१.२ भाषा कक्षाकोठाको सजावट, ४.१.३ लघु वा सम तथा बृहत् वा विषम कक्षामा नेपाली शिक्षण : समस्या र सुविधा, ४.१.४ लघु वा सम र बृहत् वा विषम कक्षा व्यवस्थापन : वर्गीकरणको आधार र आवश्यकता ४.१.५ भाषिक पछौटे समूहको पहिचान र भाषाशिक्षण कार्यकलाप ४.२ निराकरणात्मक शिक्षण : परिचय, शिक्षण प्रयोजन, भाषिक त्रुटिको पहिचान प्रक्रिया, निराकरणात्मक शिक्षणका उपायहरू, निराकरणात्मक शिक्षणका चरणहरू |
| ५ : शिक्षण सामग्री र विविध शिक्षण प्रविधिहरू (६) | ५.१ नेपाली शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्री : मौखिक सामग्री, दृश्य सामग्री, श्रव्यदृश्य सामग्री, स्पर्श सामग्री ५.२ नेपाली शिक्षणमा उपयोग गर्न सकिने नवीन शिक्षण प्रविधि ५.२.१ विविध भाषिक खेल : ड्रिल, शब्दजाल कोठे पद, अन्ताक्षरी, चिट्ठा, प्रारम्भिक अक्षर चिनारी, ५.२.२ भाषा प्रयोगशाला : परिचय र परिभाषा, उपयोगिता, प्रकार ५.२.३ कार्यक्रमबद्ध सिकाइ : परिचय र प्रकार, कार्यक्रम निर्माणका तरिका, पाठ्यपुस्तक उपयोगिता र सीमा, ५.२.४ कम्प्युटर (सुसाङ्ख्य) प्रविधि : परिचय र उपयोगिता |
| ६ : भाषा शिक्षण र अध्यापन योजना (४) | ६.१ अध्यापन योजनाको परिचय र प्रयोजन ६.२ अध्यापन योजनाका प्रकार र ढाँचा : कार्ययोजना, एकाइ योजना, दैनिक पाठयोजना र लघु पाठयोजना, दैनिक अध्यापन योजना र लघु दैनिक अध्यापन योजना ६.३ विभिन्न प्रयोजनका लागि कार्ययोजना, एकाइ योजना, दैनिक पाठयोजना, लघु पाठयोजना र दैनिक अध्यापन योजना निर्माण अभ्यास ६.४ लघु दैनिक अध्यापन योजना निर्माण र लघु अध्यापन अभ्यास |

तालिका चारअनुसार स्नातकोत्तर तहमा नेपाली भाषा शिक्षणका पाठ्यांशहरू जम्मा छओटा एकाइमा विभाजित छन् । यी एकाइमा मोटामोटी ११४ ओटा पाठ्य विषयहरू सङ्गठित गरिएको देखिन्छ । यसअनुसार एकाइ एकमा भाषा शिक्षणका सिद्धान्त र नेपाली शिक्षणका विविध स्वरूप, एकाइ दुईमा विविध भाषाकला सिप शिक्षण प्रविधि, एकाइ तीनमा शब्दार्थ, शब्दभण्डार, वाक्यरचना तथा व्याकरण शिक्षण, एकाइ चारमा कक्षाव्यवस्था र निराकरणात्मक शिक्षण, एकाइ पाँचमा शिक्षण सामग्री र विविध शिक्षण प्रविधिहरू र एकाइ छमा भाषा शिक्षण र अध्यापन योजनाका पाठ्य विषयहरू राखिएका छन् ।

सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तहको नेपाली भाषा शिक्षणका पाठ्यांशमा राखिएका पाठ्य विषयहरू सो तहका विद्यार्थी अनुकूल देखिएका छन् । नेपालको भाषिक परिवेशअनुसार उक्त तहका विद्यार्थीहरूका लागि केही पाठ्य विषयहरू थप गर्नुपर्ने देखिन्छ र एकाइहरूको सङ्गठनमा पनि सुधार गर्नुपर्ने देखिन्छ । त्यसैगरी उक्त पाठ्य विषय तोकिएको ३ क्रेडिट आवर, ४८ घण्टाको पाठघन्टीभित्र विद्यार्थीलाई पर्याप्त अभ्यास गराउन सकिँदैन ।

एकाइ एकको नेपाली शिक्षणका विविध स्वरूपअन्तर्गत शास्त्रीय भाषा, स्थानीय भाषा/राष्ट्रभाषाका सापेक्षतामा नेपाली शिक्षण अन्य पाठ्य विषयको तुलनामा प्राथमिक

पाठ्य विषय होइनन् । बरु दोस्रो भाषाको सिकाइसम्बन्धी पाठ्य विषय ज्यादै न्यून छन् । भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७६) अनुसार पनि नेपालमा १२९ ओटा मातृभाषाहरू प्रयोगमा रहेको पृष्ठभूमिमा बहुसङ्ख्यक नेपालीहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्दछन् । यस परिवेशमा दोस्रो भाषा सिकाइको छुट्टै पाठ्यांश निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । यस आधारमा उक्त पाठ्य विषय अपर्याप्त ठहरिन्छ । त्यसैगरी सोही एकाइमा द्विभाषिक तथा बहुभाषिकका पाठ्य विषयहरू पनि थप गर्नुपर्ने देखिन्छ । त्यस्तै एकाइ पाँचका 'भाषा प्रयोगशाला र कार्यक्रमबद्ध सिकाइ' का पाठ्य विषयहरू समावेश गरे पनि त्यस्ता विषयहरू नेपाली परिवेशमा अझै अभ्यासमा नभएको हुँदा तिनको धारणा/परिचयमात्र दिने गरी पाठ्य विषय समावेश गर्न सकिन्छ । एकाइ छमा अध्यापन योजनाअन्तर्गत लघु शिक्षणको अभ्यास छ तर सहपाठी शिक्षणको कुनै प्रसङ्ग छैन । त्यसैले सो एकाइमा 'सहपाठी शिक्षण' पनि राख्नु आवश्यक छ ।

स्नातकोत्तर तहको नेपाली भाषा शिक्षणका केही पाठ्यांशहरूको एकाइको सङ्गठन र सन्तुलन मिलेको पाइँदैन । पाठ्य विषयहरूको प्रकृतिअनुसार एकाइ निर्धारण गरिन्छ । एकाइ भनेको एउटै विषयहरूको समूह हो तर सो पाठ्यांशको एकाइ चारमा कक्षा व्यवस्था र निराकरणात्मक शिक्षण राखिएको छ । 'कक्षा व्यवस्था' र 'निराकरणात्मक शिक्षण' लाई एउटै एकाइ बनाउनुपर्ने कुनै तार्किक आधार देखिँदैन । त्यस्तै एकाइ चारका शब्दार्थ, शब्दभण्डार, वाक्यरचना तथा व्याकरण शिक्षण एउटै एकाइका पाठ्य विषय होइनन् । एकाइ दुईमा विविध भाषाकला सिप शिक्षण भनेर श्रवण कला, वक्तृत्व कला, पठन कला, वाचन कला, मौन पठन कला, पठनबोध, द्रुत पठन कला, उच्चारण, लेखन कला, वर्णविन्यास शिक्षण, नेपाली शिक्षणका सहकार्यकलाप जस्ता पाठ्य विषयहरू समावेश गरिँदा एकाइगत र पाठ्यभारगत सन्तुलन मिलेको पाइँदैन । सो पाठ्यांशमा 'अध्यापन योजना'लाई अन्तिम एकाइमा स्तरण गरिएको छ । शैक्षणिक दृष्टिले पाठयोजनालाई प्रत्येक एकाइसँग जोडेर अभ्यास गराउनु पर्ने भएकाले यसलाई प्रारम्भिक एकाइमा प्रस्तुत गर्नु उपयुक्त देखिन्छ ।

## स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूको स्तरण

स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशमा समाविष्ट पाठ्य विषयहरूलाई तालिका पाँचमा प्रस्तुत गरी स्तरणका आधारमा तिनको तुलनात्मक विश्लेषण यसप्रकार गरिएको छ ।

**स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षण सम्बद्ध पाठ्य विषयहरूको छनोट र स्तरण**

## तालिका ५

## स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूको स्तरण

| स्नातक तहका नेपाली भाषा शिक्षणका पाठ्य विषय | स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्य विषय |
|---|---|
| ***दुवै तहका समान पाठ्यांश*** | |
| भाषा शिक्षणका सिद्धान्त | |
| नेपाली भाषा शिक्षणसम्बन्धी परिचय | भाषा शिक्षणका सिद्धान्त |
| नेपाली शिक्षणका विविध स्वरूप | |
| विविध सन्दर्भमा नेपाली भाषा शिक्षण | नेपाली शिक्षणका विविध स्वरूप |
| श्रवण कला शिक्षण | |
| सुनाइ शिक्षण | श्रवण कला शिक्षण |
| बोलाइ शिक्षण | |
| बोलाइ शिक्षण | वक्तृत्व कला शिक्षण |
| उच्चारण शिक्षण | |
| + | + |
| पठन कला शिक्षण | |
| वाचन, पठन बोध र द्रुतपाठ शिक्षण<br>– | वाचन कला, पठनबोध, द्रुतपठन कला शिक्षण,<br>मौन पठन शिक्षण |
| शब्दार्थ शिक्षण | |
| + | शब्दभण्डार शिक्षण |
| लेखन कला शिक्षण | |
| लेखाइ शिक्षण | लेखन कला शिक्षण |
| वर्णविन्यास शिक्षण | |
| + | + |
| वाक्यरचना शिक्षण | |
| वाक्यगठन शिक्षण | वाक्यरचना शिक्षण |
| व्याकरण शिक्षण | |
| + | + |
| शिक्षण सामग्री | |
| + | + |
| अध्यापन योजना | |
| + | + |
| नेपाली भाषा शिक्षणक सामयिक सन्दर्भ : निराकरणात्मक, कक्षा व्यवस्था, भाषिक पछौटे समूह, | |
| + | + |
| ***दुवै तहका भिन्न पाठ्य विषय*** | |
| भाषिक विधा शिक्षणको प्रयोजन र प्रक्रिया | – |
| – | नेपाली शिक्षणका सहकार्यकलाप |

| | |
|---|---|
| – | नेपाली शिक्षणमा उपयोग गर्न सकिने नवीन शिक्षण प्रविधि : विविध भाषिक खेल, कार्यक्रमबद्ध सिकाइ, कम्प्युटर प्रविधि |
| बालमैत्री शिक्षा, समावेशी शिक्षा, खुला तथा दूर शिक्षा, अनौपचारिक शिक्षा, एकीकृत सिकाइको अवधारणा, बहुकक्षा, बहुस्तर विधि, शिक्षक विद्यार्थी सक्षमताको अवधारणा, प्रारम्भिक कक्षा शिक्षा, आधारभूत कक्षा र नेपाली भाषा शिक्षण, नेपाली भाषा शिक्षणका सन्दर्भमा बालभाषा सिकाइ र पौढ भाषा सिकाइमा अन्तर | – |
| भाषिक मूल्याङ्कन | – |

तालिका पाँचअनुसार स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशहरूको स्तरण हेर्दा स्नातक तहको भाषा शिक्षणको पाठ्यांशमा समावेश गरिएका पाठ्य विषयहरू : भाषा शिक्षणका सिद्धान्त, नेपाली शिक्षणका विविध स्वरूप, सुनाइ-श्रवण कला शिक्षण, बोलाइ-वक्तृत्व कला शिक्षण, उच्चारण शिक्षण, पढाइ-पठन कला शिक्षणअन्तर्गत वाचन कला, पठनबोध, द्रुतपठन कला शिक्षण, शब्दार्थ शिक्षण, लेखाइ-लेखन कला शिक्षण, वर्णविन्यास शिक्षण, वाक्यरचना शिक्षण, व्याकरण शिक्षण, शिक्षण सामग्री, अध्यापन योजना, निराकरणात्मक शिक्षण, कक्षा व्यवस्था र भाषिक पछौटे समूहको पहिचान-व्यवस्थापन स्नातकोत्तर तहको भाषा शिक्षणको पाठ्यांशमा पनि दोहोरिएको पाइन्छ । स्नातक तहको भाषा शिक्षणको पाठ्यांशमा समावेश गरिएका पाठ्य विषयहरूमध्ये भाषिक विधा शिक्षण, बालमैत्री शिक्षा, समावेशी शिक्षा, खुला तथा दूर शिक्षा, अनौपचारिक शिक्षा, एकीकृत सिकाइको अवधारणा, बहुकक्षा, बहुस्तर विधि, शिक्षक विद्यार्थी सक्षमताको अवधारणा, प्रारम्भिक कक्षा शिक्षा, आधारभूत कक्षा र नेपाली भाषा शिक्षण, नेपाली भाषा शिक्षणका सन्दर्भमा बालभाषा सिकाइ र पौढ भाषा सिकाइमा अन्तर र भाषिक मूल्याङ्कन जस्ता पाठ्य विषयहरू स्नातकोत्तर तहको भाषा शिक्षणको पाठ्यांशमा समावेश गरिएका छैनन् । त्यस्तै स्नातकोत्तर तहको भाषा शिक्षणको पाठ्यांशमा समावेश गरिएका : 'मौन पठन शिक्षण, शब्दभण्डार शिक्षण, नेपाली शिक्षणका सहकार्यकलाप, नेपाली शिक्षणमा उपयोग गर्न सकिने नवीन शिक्षण प्रविधि : विविध भाषिक खेल, कार्यक्रमबद्ध सिकाइ, कम्प्युटर प्रविधि' नवीन पाठ्य विषयहरू हुन् । यी विषय स्नातक तहको भाषा शिक्षणको पाठ्यांशमा छैनन् । स्नातक तहको भाषा शिक्षणको पाठ्यांशमा समाविष्ट पाठ्य विषय : 'भाषिक विधा शिक्षण' र 'भाषिक मूल्याङ्कन' स्नातकोत्तर तहमा छुट्टै पाठ्यांश निर्माण गरी पठनपाठन भइरहेको हुँदा स्नातकोत्तर तहको भाषा शिक्षणको पाठ्यांशमा पुनरावृत्ति नगरिएको स्पष्ट छ ।

स्तरणका दृष्टिले स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशमा सामान्यत: सरलदेखि जटिलतर्फको क्रममा हुनुपर्ने सिकाइको मान्यता अवलम्बन गरेको पाइन्छ । त्यस्तै तहगत दृष्टिले तल्लो तहका केही पाठ्यांशहरूको आवृत्ति र केही नयाँ विषयहरू थप हुनुपर्ने स्तरणको सामान्य सिद्धान्त पनि पालना गरेको देखिन्छ । आवृत्ति भएका केही पाठ्यांशहरू तहगत दृष्टिले केही स्तरीय देखिन्छन् । जस्तै : स्नातक तहका सुनाइ शिक्षण, लेखाइ शिक्षण जस्ता पाठ्य विषयलाई स्नातकोत्तर तहमा 'श्रवण कला शिक्षण', 'लेखन कला शिक्षण' शीर्षक दिएर स्तरीय रूपमा पुनरावृत्ति गरिएको छ ।

स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांश कुन सैद्धान्तिक आधारमा निर्माण गरिएका हुन् भन्ने कुरा स्पष्ट नभए पनि उक्त पाठ्यांशलाई हकेट र ब्राइटन (सन् २०१६) ले प्रस्तुत गरेका सिद्धान्तसँग जोड्न सकिन्छ । उनीहरूले साधारण पाठ्यक्रमको सैद्धान्तिक ढाँचा र राम्रो अभ्यासका सन्दर्भमा पाठ्यक्रम सामग्री (Content) को आधार वा स्रोत र त्यसको सङ्गठनका लागि देहायबमोजिम चारओटा सामान्य सिद्धान्तहरूको चर्चा गरेका छन् :

१. उच्च गुणस्तरको पाठ्यक्रम सबै विद्यार्थीका लागि विधामा आधारित हुन्छ ।

२. उच्च गुणस्तरको पाठ्यक्रम सबै विद्यार्थीका लागि सान्दर्भिक र आकर्षक हुन्छ ।


३. उच्च गुणस्तरको पाठ्यक्रम सबै विद्यार्थीका लागि एकीकृत हुन्छ र त्यसको गहिराइ र चौडाइ पनि सन्तुलित हुन्छ ।

४. उच्च गुणस्तरको पाठ्यक्रम सबै विद्यार्थीका अवधारणामा आधारित हुन्छ ।

समग्रमा उक्त चारओटै सिद्धान्त स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशमा धेरथोर सान्दर्भिक देखिएका छन् ।

स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूको छनोट र स्तरणलाई आरेखमा पनि देखाउन सकिने भएकाले मुख्यमुख्य विषयहरूलाई आरेख एकमा यसरी प्रस्तुत गरिएको छ :

*चित्र १ नेपाली भाषा शिक्षण सम्बद्ध पाठ्य विषयहरूको स्तरण*



चित्र एकमा स्नातक र स्नातकोत्तर तहका पाठ्यांशमा स्तरण भएबमोजिम मुख्य मुख्य पाठ्य विषयहरू मात्र प्रस्तुत गरिएको छ । स्नातकोत्तर तहमा स्नातक तहका नेपाली भाषा शिक्षणका अधिकांश पाठ्य विषयहरूलाई केही विस्तारका साथ दोहोऱ्याइएको छ भने नेपाली शिक्षण परम्परा, भाषिक खेल, भाषा प्रयोगशाला, कार्यक्रमबद्ध सिकाइ जस्ता केही नवीन पाठ्य विषयहरू छनोट र स्तरण गरिएको छ ।

## निष्कर्ष

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले स्नातक र स्नातकोत्तर दुबै तहमा नेपाली शिक्षाअन्तर्गत नेपाली भाषा शिक्षणका पाठ्यांशहरू निर्माण गरी सम्बद्ध क्याम्पस तथा विभागहरूमा कार्यान्वयन गरेको छ । स्नातक तहमा नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूलाई छनोट गरेर जम्मा पन्ध्र एकाइमा प्रस्तुत गरिएको छ भने स्नातकोत्तर तहमा नेपाली भाषा शिक्षणका पाठ्य विषयहरूलाई छ एकाइमा प्रस्तुत गरिएको छ । स्नातक तहका भाषा शिक्षणका सिद्धान्त, नेपाली शिक्षणका विविध स्वरूप, सुनाइ-श्रवण कला शिक्षण, व्याकरण शिक्षण, शिक्षण सामग्री, अध्यापन योजनाजस्ता पाठ्य विषयहरू स्नातकोत्तर तहको भाषा शिक्षणको पाठ्यांशमा पनि दोहोरिएका छन् । स्नातक तहका बालमैत्री शिक्षा, समावेशी शिक्षा, खुला तथा दूर शिक्षा, अनौपचारिक शिक्षा, एकीकृत सिकाइको अवधारणा, बहुकक्षा, बहुस्तर विधि, शिक्षक विद्यार्थी सक्षमताको अवधारणा जस्ता केही पाठ्य विषयहरू स्नातकोत्तर तहमा समावेश गरिएका छैनन् । त्यस्तै स्नातकोत्तर तहको पाठ्यांशमा समाविष्ट नेपाली शिक्षणका सहकार्यकलाप, विविध भाषिक खेल, कार्यक्रमबद्ध सिकाइ, कम्प्युटर प्रविधिजस्ता पाठ्य विषयहरू नितान्त नवीन विषय हुन् ।

समग्रमा स्नातक र स्नातकोत्तर दुबै तहमा नेपाली भाषा शिक्षणका अधिकांश पाठ्य विषयहरूको छनोट उपयुक्त देखिएका र अझै केही पाठ्य विषयहरूको अभाव खड्किन्छ । नेपालको बहुभाषिक परिवेशअनुसार दोस्रो भाषा सिकाइ, द्विभाषिक तथा बहुभाषिक शिक्षाका पाठ्य विषयहरू विस्तारका साथ समावेश हुनु जरुरी छ । त्यस्तै प्राथमिकताका आधारमा स्नातकोत्तर तहका शास्त्रीय भाषाको सापेक्षतामा नेपाली शिक्षण, नेपाली शिक्षणको परम्परा जस्ता पाठ्य विषयहरू अनिवार्य देखिँदैनन् । त्यसैगरी पाठ्य विषयको प्रकृतिअनुसार कक्षाव्यवस्था र निराकरणात्मक शिक्षण स्ता पाठ्य विषयका एकाइलाई पुनर्सङ्गठित गर्नुपर्ने हुन्छ । त्यस्तै स्नातकोत्तर तहमा १९ पाठघण्टा दिइएको एकाइ दुईलाई अन्य एकाइ सरह सन्तुलन मिलाउनुपर्ने देखिन्छ । शैक्षणिक दृष्टिले

पाठयोजनालाई प्रत्येक एकाइ र अन्य विषयका पाठ्यांशमा समेत जोडेर अभ्यास गराउन दुबै तहका पाठ्यांशमा अन्तिम एकाइमा राखिएको 'अध्यापन योजना'लाई प्रारम्भिक एकाइमा प्रस्तुत गर्नु अझ उपयुक्त हुन्छ ।

यो लेख मुख्यत: शिक्षाशास्त्र सङ्काय डिन कार्यालय, नेपाली विषय समितिका लागि उपयोगी हुने छ । त्यसैगरी उक्त पाठ्यांश प्राध्यापन गर्ने नेपाली शिक्षाका शिक्षकका लागि पनि प्रस्तुत लेख उपयोगी हुन सक्छ । साथै पाठ्यक्रमसम्बन्धी अध्ययन अनुसन्धान गर्ने शोधार्थीहरूले पनि यो लेख उपयोग गर्न सक्ने छन् ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्ग राज (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ओ'निल/O'Neill, G. (2015). *Curriculum Design in Higher Education: Theory to Practice*, Dublin: UCD. http://www.ucd.ie/t4cms/UCDTLP0068.

टिच/Teach, L. (2008). The language curriculum: A social contextual perspecti. *The Language Curriculum*. 41:2, 147–181. doi:10.1017/S0261444807004867

ड्रुजिनिना/Druzhinina, M., Belkova, N., Donchenko, E., Liu, F. and Morozova, O. (2018). *Curriculum Design in Professional Education: Theory and Practice*. https://doi.org/10.1051/shsconf/20185001046 . SHS Web of Conferences 50, 01046.

निउरे, ध्रुव प्रसाद (२०७४),*पाठ्यक्रम अभ्यास,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

नेसन/Nation, I. S. P. and Macalister, J. (2010). *Language Curriculum Design*. New York : Routledge.

पौडेल, माधव प्रसाद (२०६७),*भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

प्रिमरोज/Primrose, K., & Alexander, C. R. (2013). Curriculum development and implementation: Factors contributing towards

curriculum development in Zimbabwe higher education system. *European Social Sciences Research Journal*, 1, 55-65.

फगर्टी/Fogarty, E.A. (2016). Language Arts Curriculum for Gifted. In Kristen R. Stephens and Frances A. Karnes (Eds.). *Introduction to curriculum design in gifted education*. Waco TX : Prufrock Press.

भट्टराई, होमनाथ र जिसी, कृष्ण बहादुर (२०७५), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : जुपिटर ।

भाषा आयोग (२०७५/७६), *वार्षिक प्रतिवेदन* (तेस्रो), ललितपुर : भाषा आयोग ।

म्याकफेयल/McPhail, G. (2021). The search for deep learning: a curriculum coherence model. *JOURNAL OF CURRICULUM STUDIES.*VOL. 53, NO. 4, 420–434. https://doi.org/10.1080/00220272.2020.1748231

राजी निया/Rajaee Nia, M., Abbaspour, E., and Zare, J. (2013). A critical review of recent trends in second language syllabus design and curriculum development. *International Journal of Research Studies in Language Learning.* Volume 2 Number 2, 63-82.

रिचर्ड्स/Richards, J. (2001*). Curriculum development in language teaching*. Edinburgh: Cambridge University Press. <http://dx.doi.org/10.1017/CBO9780511667220>

श्रेष्ठ, चन्द्रबहादुर र रंजितकार, किरणराम (२०७६), *पाठ्यक्रम र मूल्याङ्कन* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

हकेट/Hockett, J.A. and Brighton, C.M. (2016). General Curriculum Design Principles and Best Practices. In Kristen R. Stephens and Frances A. Karnes (Eds.). Introduction to curriculum design in gifted education. Waco TX : Prufrock Press.